# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
बबरमहल, काठमाण्डौं, नेपाल

Babar Mahal, Kathmandu, Nepal

शहरी विकास तथा खानेपानी लेखापरीक्षणनिर्देशनालय

डोरमुकाम, दार्चुला


पत्र संख्याः०७७।७८ मितिः २०७८।०६।२१

च.नं. ३१

विषयः लेखापरीक्षणको प्रारम्भिकप्रतिवेदन।

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
अपिहिमाल गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय,
दार्चुला ।

लेखापरीक्षण ऐन, २०७५ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०७७।०७८ विनियोजन / राजस्व / धरौटी/ अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित कागजपत्र र विवरण परीक्षण गरी मिति २०७८।०६।१४ मा छलफल पश्चात्त तयार गरिएको पाना ३३ (तेत्तिस) को प्रारम्भिक प्रतिवेदन यसै साथ छ ।

कार्यालयबाट पेश भएको आर्थिक विवरण प्रतिकोउ त्तरदायित्व प्रचलित कानुन बमोजिम जिम्मेवार व्यक्तिको हो। लेखापरीक्षकको उत्तरदायित्व नेपाल सरकारी लेखापरीक्षणमान बमोजिम आर्थिक विवरण परीक्षण गरी प्रतिवेदन गर्नु हो।प्रतिवेदनमा उल्लिखितव्यहोराका सम्बन्धमा सुदुर पश्चिम प्रदेशको प्रदेश आर्थिक कार्यविधि एन २०७५ को दफा ३५ अनुसार ३५ दिन भित्र फछ्र्यौट गरी सम्परीक्षण गराउनु हुनेछ। उक्त समय भित्र फछ्र्यौट गरी सम्परीक्षण नगराएमा वा सम्परीक्षण गराई बाँकी रहेका व्यहोराहरु समावेश गरी लेखा उत्तदायी अधिकृत।कार्यपालिका प्रमुखलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु।

(ध्रुवराज भुसाल)
निर्देशक

**बोधार्थ तथा कार्यार्थः**

श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार - प्रतिवेदन संलग्न छ।

श्री जिल्ला समन्वय समिति,
दार्चुला - प्रतिवेदन संलग्न छ ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,
दार्चुला- प्रतिवेदन संलग्न छ ।


Phone: 4258174, 4266934, 4255707, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box: 13328

आर्थिक कारोवारको स्थितिः

| कार्यालय र स्थान:अपिहिमाल गा.पा, दार्चुला । | पद | नाम | कार्यरत अवधि | | बेरुजु रकम |
|---|---|---|---|---|---|
| | | | देखि | सम्म | |
| आर्थिक वर्षः २०७६/०७७ | प्रमखु प्रशासकिय अधिकृत | श्री लोकराज जोशी | २०७६.४.०१ | २०७६.१०.०७ | १९२४६९३६.७६ |
| | नि. प्रमखु प्रशासकिय अधिकृत | श्री लक्ष्मण सिह धामी | २०७६.१०.०८ | २०७७.०३.३१ | |
| | लेखापाल | श्री दिपक सिह धामी | २०७६.०४.०१ | २०७७.०३.३१ | |

**स्थानीय संचित कोष :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस गाउँपालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहायता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आय-व्यय हिसाबको आर्थिक वर्ष २०७६।०७७ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ।

आर्थिक वर्ष २०७६।७७ को आम्दानी तथा खर्चको विवरण

| क.स. | आय तर्फ | | | क.स. | व्यय तर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | गत वर्षको जिम्मेवारी सरेको | | १७१८९५२८.७० | १ | चालु खर्च | | १३२७११४७८.४१ |
| | क- नगद | | | २ | पुजीगत खर्च | | ९९५९१३९५.०० |
| | ख- बैक | १७१८९५२८.७० | | ३ | वित्तीय व्यवस्था खर्च चालु तर्फ | | १४८९५४००.०० |
| २ | राजश्व | | ३५८०४४४०.५१ | ४ | वित्तीय व्यवस्था खर्च पुजीगत तर्फ | | ३४२३६३७.०० |
| | आन्तरिक राजश्व | २८१३८२०.५० | | ५ | वित्तीय व्यवस्था भुक्तानी | | |
| | राजश्व बाडफाँड | ३२९९०६२०.०१ | | | क- ऋण भुक्तानी | | |
| ३ | वित्तीय हस्तान्तरण संघीयसरकार | | १७६३८८०००.४५ | | ख- ब्याज भुक्तानी | | |
| | क- वित्तीय समानीकरण | ६६१०००००.०० | | | ग- अन्य भुक्तानी | | |
| | ख-शर्सत अनुदान | ९२८०४०००.०० | | ६ | लगानी | | |
| | ग-सम्पुरक अनुदान | ०.०० | | | क- ऋण लगानी | | |
| | घ-विशेष अनुदान | ०.०० | | | ख- शेयर लगानी | | |
| | ङ-फिनल्याण्ड बाट सोझैअनुदान | १७४८४०००.४५ | | | ग- अन्य लगानी | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | वित्तीय हस्तान्तरण प्रदेशसरकार | | २८४६६०००.०० | ७ | धरौटी फिर्ता | | |
| | क- वित्तीय समानीकरण | ६७७३०००.०० | | ८ | प्रकोप व्यवस्थापन कोष खर्च | | ६६३३२५५.०० |
| | ख-शर्सत अनुदान | ८३२००००.०० | | ९ | गत वर्षको बाँकी रकम फिर्ता संघीय कोषमा | | १५३१५३७४.२० |
| | ग-सम्पुरक अनुदान | ५८७३०००.०० | | १० | गत वर्षको बाँकी रकम फिर्ता प्रदेश कोषमा | | ४०६८०००.०० |
| | घ-विशेष अनुदान | ७५०००००.०० | | ११ | मौज्दात | | |
| ५ | अन्तर स्थानिय तहबाट प्राप्त | | | | क- संचित कोषमा मौज्दात | | ६२९३०१०.८६ |
| ६ | वित्तीय व्यवस्था प्राप्ती | | १८३१९०३७.०० | | ख- धरौटी मा मौज्दात | | २२८८८५५.०० |
| | क- सामाजिक सुरक्षा कार्यक्रम | १४११७०००.०० | | | ग- प्रकोप व्यवस्थापन कोषमा मोज्दात | | १४२४७९५.०० |
| | ख-स्थानिय पुर्वाधार कार्यक्रम | ३२२३२३७.०० | | | बैक बढी | | (१३१२८८.८१) |
| | ग-राष्ट्रिय परिचयपत्र तथापंन्जीकरण | ९७८८००.०० | | | | | |
| ७ | धरौटी आय | २२८८८५५.०० | २२८८८५५.०० | | | | |
| ८ | प्रकोप व्यवस्थापन कोष | ८०५८०५०.०० | ८०५८०५०.०० | | | | |
| ९ | विविध खर्च खाता | | | | | | |
| १० | कर्मचारी कल्याण कोष | | | | | | |
| ११ | लैङ्गिक हिसा निवारण कोष | | | | | | |
| | जम्मा | २८६५१३९११.६६ | २८६५१३९११.६६ | | जम्मा | | २८६५४५२००.४७ |

| भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम | फर्छ्यौटको व्यहोरा |
|---|---|---|
| **परिचय–** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस अपिहिमाल गाँउ पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह– अस्तित्व र समन्वयलाई प्रवर्द्वन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु अपि हिमाल गाँउ पालिकाको उद्देश्य रहेको छ । यस अपिहिमाल गाँउ पालिका अन्तर्गत ६ वडा, गाँउपालिका प्रमखु लगायत ३० जना सभा सदस्य, ६१३.९५ वर्ग किलोमिटर क्षेत्रफल तथा ७ हजार ९४३ जनसंख्या घरधुरी १२८० रहेको छ । | | |
| लेखापरीक्षणका क्रममा रू. ३७४०२.०० असुली भई राजस्व दाखिला भएको छ । | | |
| • **वित्तीय विवरण विश्लेषण** | | |
| **वित्तीय विवरण–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको वित्तीय विवरण सम्बन्धमा निम्नानुसार देखिएको छः<br>• त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | | मिलेन |
| **जिम्मेवारी फरक परेको–** स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु १,८३,७७,३५८।७१ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु १,७१,८९,५२८।७० जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु ११,८७,८३०।०१ घटी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको देखिएकोमा रू. ११,७७,९४३।५५ RVWRMP-III लाई २०७७।०३।३० मा पढाएको देखियो। सो वाहेकको रकम रू. ९८८६.४६ घटी जिम्मेवारी सारेको देखिएको भिडान गरी हिसाव प्रमाण पेश गर्नुपर्ने रू. | ९८८६.४६ | |
| **बैंक हिसाब मिलान नगरेको–** स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैंक खाताको हिसाब मिलान बिवरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्ने रु. | १३१२८८.८१ | |

| भौ.नं., मिति र व्यहोरा | | | | | बेरुजू रकम | फर्छ्यौटको व्यहोरा |
|---|---|---|---|---|---|---|
| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक | | |
| | स्थानीय सञ्चित कोष खाता | ६१६१७२२.०९ | ६२९३०१०.८६ | १३१२८८.७७ | | |
| | धरौटी खाता | २२८८८५५.०० | २२८८८५५.०० | ० | | |
| | कोभिड कोष खाता | १४२४७९५.०० | १४२४७९५.०० | ० | | |
| | कर्मचारी कल्याण कोष खाता | ० | ० | ० | | |
| | अन्य खाताहरु | | | | | |
| | जम्मा | ९८७५३७२.०९ | १०००६६६०.८६ | १३१२८८.७७ | | |

- आन्तरिक नियन्त्रण

**आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमादेखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीयतहले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।
- निर्माण सम्बन्धी म.ले.प फा.न. ५०२,५०५,५०७,५१२ बेरूजु लगतखाता लगायतका म.ले.प.फा.न.हरू कार्यान्वयनमा नल्याएकोले सुचनाको पारदर्शिता कमजोर देखियो ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म १७ ऐन, ९ नियमावली, २४ कार्यविधि ४ निर्देशिका, ३ मापदण्ड र १ विधेयक कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

| भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम | फर्छ्यौटको व्यहोरा |
|---|---|---|
| • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस गरेको पाइएन।<br>• निजामती सेवा ऐन, २०४९ को दफा ५क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाईएन ।<br>• पालिकाले २०७६/०७७ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेकोपाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैंकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।<br>• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाव्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br>• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । | | |

| भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम | फर्छयौटको व्यहोरा |
|---|---|---|
| • पालिकाले आयोजना। कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता अभिलेख राखी दिएको पाइएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय– व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | | |
| **सुत्रमा नसमेटिएको कारोवार :** यस गाउपालिकाको आ.व २०७६।७७ देखि सुत्र प्रणालीमा आर्थिक कारोवार सन्चालन गरेको छ। उक्त प्रणाली कार्यान्वयनमा भएता पनी लागुहुनु पुर्वका फछ्यौट हुन बाँकी पेश्कीहरुको अभिलेख तथा फर्छयौट अध्यावधिक यस प्रणालीले समेट्न सकेको देखिएन। त्यसैगरि बिगतका कोषहरु पनि यसमा पूर्ण रुपमा नसमेटीएको अवस्था देखियो । पेश्की फछ्यौट घटी बढी र पेश्की रकमको अभिलेखको वैकल्पिक व्यवस्था उक्त सफ्टवेयरमा उपलब्ध नभएको देखिएकोले बिगतको आर्थिक कारोबार संग सम्बन्धित क्रियकलापको वित्तिय विवरणले प्रस्तुत गर्न सकेको दिखिएन, साथै बजेट वाँडफाँड तथा रकमान्तर र सामान्य गल्तिका कारण बजेट निकासा तथा खर्चको हिसाव मिलान र संशोधन अवस्थामा पनि यसको प्रयोग कार्यान्वयन गर्ने निकायका आधिकारिक व्यक्तिवाट तत्काल हुन नसक्ने अवस्था रहेको जानकारी गराएकाले यस्ता समस्याको समाधानतर्फ समेत सम्बन्धित निकायको ध्यानाआकर्षण आवश्यक देखियो। | | |
| **लेखापरीक्षण समितिको गठन :** आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायित्व ऐन २०७६को दफा ३४ ले प्रतेक स्थानीय तहले आन्तरिक लेखापरीक्षण गराउनु पर्ने र सो वाट औंल्याईएका व्यहोरमा सुधार भए नभएको परीक्षण तथा आवस्यक कारवाहि गर्न लेखापरीक्षण समिति गठन गर्नु पर्ने यो समितिले गरेको काम कारवाहिको प्रतिबेदन स्थानीय तहका प्रमुख समक्ष पेश गर्नु पर्ने व्यवस्था भएता पनि ऐनको उक्त व्यवस्थाको कार्यान्वयन यो स्थानीय तहवाट भएको नदेखीएकोले ऐनमा भएको व्यवस्था कार्यान्वयन गरिनु पर्दछ । | | |
| **आयोजनाहरूको फरफारक :** स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ८४ प्रमखु प्रशासकीय अधिकृतले व्यवस्था गरी निजका काम कर्तव्य तथा अधिकार तोकेको छ । यसै दफाको उपदफ २ (ङ) मा आयोजनाहरूको फरफारकका लागि प्रतिवेदन तयार गरी कार्यपालिकाको बैठकमा पेश गर्ने काम तोकिएकोमा यस स्थानीय तहमा उक्त व्यवस्थाको कार्यान्वयन भएको देखिएन । कार्यान्वयन गरिएका आयोजना तथा योजनाको कार्यपालिकावाट मूल्याँकन भई देखिएका कमीकमजोरी समयमै सुधार गरि आर्थिक कारोवारको पारदर्शिता अभिबृद्धी गरेको देखिएन अत सन्चालित आयोजनाको सन्चालनमा भएको खर्चको मूल्याँकन कार्यपालिकावाट हुन सकेको नदेखिएकोले ऐनमा भएको व्यवस्था कार्यान्वयन गरि आर्थिक कारोवारको पारदर्शिता अभिबृद्धी गरिनु पर्दछ । | | |

| भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम | फर्छ्यौटको व्यहोरा |
|---|---|---|
| ८ कन्टेन्जेन्सी खर्च सम्बन्धी कार्यविधि २०७६ | | |

**न्यायिक समिति–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १ र यो बर्ष थप भएको ५ गरी कूल ६ विवाद दर्ता भएकोमा सबै विवाद फछ्यौंट भई बाँकी नरहेको देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

**योजना तर्जुमा, बजेट तथा कार्यक्रम**

**योजना र कार्यान्वयन–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ। कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ। साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा दीर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ । यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्:

| क.सं. | विवरण | योजनासंख्या | रकम |
|---|---|---|---|
| १ | रु १ लाखभन्दा कमको योजना | ४ | १७४८००.०० |
| २ | रु एक लाखएक देखि पाँच लाख सम्मका योजना | ६१ | १८१७५२००.०० |
| ३ | रु ५ लाखदेखि १० लाख सम्मका योजना | १२ | ११०००००००.०० |
| ४ | दश लाख एकदेखि ५० लाख सम्मका योजना | १२ | २६०४६०००.०० |
| ५ | ५० लाख भन्दा माथीका | २ | २३०५००००.०० |
| | जम्मा | ९१ | ७८४४६०००.०० |

**बजेट पेश, पारित र अख्तियारी-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई

| भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम | फर्छ्यौटको व्यहोरा |
|---|---|---|
| बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री उर्मिला बोहराले २०७६।०३।१९ गते रु २३ करोड ६७ लाख १३ हजार नौ सय चौसट्ठी को बजेट सभा समक्ष पेश गरेकोमा २०७६।०३।१९ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७६।०३।३१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | | |
| • **खर्च व्यवस्थापन** | | |
| **चौमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम ३५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुंजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । | | |

| सि.नं. | पूँजीगत खर्च विनियोजित रकम | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | |
| १ | १२००९७०००.०० | ९९५९१३९५.०० | २७७०७५८.०० | २७४७४१६८.०० | ६९३४६४६९.०० | ६६८१८३९६.०० |
| | खर्च प्रतिशत | ८२.९२ | २.३१ | २२.८८ | ५७.७५ | ५५.६३ |

**क्षेत्रगत बजेट र खर्च** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६/०७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | १०००७०००.०० | ७७७४९२०.०० | ७७.६९ |
| सामाजिक क्षेत्र | १०५००१८००.०० | ८९१८९५३३.०२ | ८७.९४ |
| पूर्वाधार विकास क्षेत्र | ११५३१०२००.०० | ९८६५६९८४.५९ | ८५.५५ |
| वित्तीय व्यवस्थापन र सुशासन | ४९१३०००.०० | ३८५७५२०.०० | ७८.५१ |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | ४९४९४८७३.०५ | ३२८२४१८५.८० | ६६.७२ |
| जम्मा | २८४७२६८७३.०५ | २३२३०३१४३.४१ | ८१.५८ |

| भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम | फर्छ्यौटको व्यहोरा |
|---|---|---|
| उपरोक्त विवरण अनुसार आर्थिक वर्ष २०७६/०७७ को कूल खर्च मध्ये सबैभन्दा बढी सामाजिक विकास क्षेत्र मा ८७.९४ प्रतिशत र सबै भन्दा घटी कार्य संचालन तथा प्रशासनिक क्षेत्र मा ६६.७२ प्रतिशत खर्च भएको छ । मध्यमकालिन खर्च संरचना तयार गरी दिगो विकासका स्थानीय लक्ष्य, गन्तव्य र सूचकहरु निर्धारण गरी सोही आधारमा बजेट सांकेतिकरण गरी स्थानीय आवधिक योजनाका नीति कार्यनव्यन हुने गरी बजेट व्यवस्थापन गर्नु पर्दछ । | | |
| **खर्च बिश्लेषण –** पालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रू. २०००३३४९.२० राजस्व बाँडफाँड र अनुदानबाट रू. २५८४५२५१२.४६ समेत रू. २७८४५५८६१.६६ आम्दानी भएकोमा चालु तर्फ रू. १३२७११४७८.४१ र पूँजिगत तर्फ रू९९५९१३९५.०० र बित्तिय ब्यबस्था तर्फ रू. १८३१९०३७.०० समेत रू. २५०६२१९१०.४१ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ७.९९ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा २०७७ साल साउन देखि असोज सम्म ३ महिनाको रकम रु ९०९०००.०० खर्च भएको छ जुन आन्तरिक आयको ४.५५ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५५.१४ प्रतिशत चालु र ४१.३८ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ । | | |
| **कन्टिन्जेन्सी खर्चको अभिलेखः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने व्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ४ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७६/७७ मा कन्टीन्जेन्सी बापत रु २६६१०००.०० कट्टी गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी ...रि रु ८०००००।०० खर्च छ । | | |
| **...जिन्सी निरीक्षणः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ ले जिन्सि निरिक्षणको व्यवस्था र नियम १०६ ...ले लिलाम विक्रिको सम्बन्धमा व्यवस्था गरेको छ। यस कार्यालयले आ.व. २०७६।०७७ को जिन्सि निरिक्षण फारम तयार गरेको भएता पनि ...फारमा देखिएका व्यहोरा समाहित गरी नियम ९९(१) अनुसारको प्रतिवेदन लिई कार्बही गरेको देखिएन। अतः नियममा भएको व्यवस्था कार्यान्वयन ...रि जिन्सि अभिलेख चुस्त र दुरुस्त बनाउनु पर्दछ। | | |
| • **संगठन तथा कर्मचारी व्यवस्थापन** | | |
| **...कर्मचारी करार–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन ...था व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी | | |

| भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम | फर्छ्यौटको व्यहोरा |
|---|---|---|
| दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा १८ जना कर्मचारीहरु करारमा राखी रु ३१५२०००.०० खर्च लेखेको छ ।<br>त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले गाउँ प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न सामाजिक परिचालक पदमा ८ जना, कृषि तथा पशु प्राविधिक १० जना गरी जम्मा १८ जना करार नियुक्ति गरी बर्षभरीमा रु ३१५२०००.०० भुक्तानी गरेकोले अनियमित देखएको रु. | ३१५२०००.०० | |
| **कल्याण कोष–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा ट्रान्सफर गरिएको छैन । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । एनको व्यवस्था कार्यान्वियन गरी कोषको संचालन हुनुपर्दछ । | | |
| **कर्मचारी प्रोत्साहन भत्ता -** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले कानून नबनाई यो बर्ष निम्नानुसार प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको रु. | ५०९२२० | |
| **आन्तरिक लेखापरीक्षण -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । यस स्थानीय तहले २०७६/०७७ को सम्पूर्ण आर्थिक कारोबारको वार्षिक रूपमा आन्तरिक लेखापरीक्षण गराएको छ । पालिकाको आन्तरिक लेखापरीक्षणको लागि आन्तरिक लेखा परीक्षक पदमा १ कर्मचारी कार्यरत रहेको छ । निजको पारिश्रमिकमा बर्षभरीमा रु. ४७२०००.०० खर्च भएको छ। तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको चौमासिक रूपमा आन्तरिक लेखापरीक्षण गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ । | | |
| • सेवा प्रवाह व्यवस्थापन | | |
| **वडा सचिवको पदपूर्ति :** पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको व्यवस्था देहाय बमोजिम छ ।वडा सचिवको पद पुर्ति समयमा हुन नसक्दा स्थानीय तहको विकास निर्माण तथा सेवा प्रवाह लगायत प्रभावित हुने भएकोले कर्मचारी व्यवस्थापन हुनु पर्दछ । | | |

| भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम | फर्छ्यौटको व्यहोरा |
|---|---|---|

| वडा संख्या | वडा सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| ६ | ६ | ४ | २ रिक्त |

**स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखियो । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख अध्यावधिक राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ गाउँपालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

**सेवाप्रवाहको स्थिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा स्थानीय तहको एकल काम कर्तव्य र अधिकार २२ वटा, संघ र प्रदेशको सहकार्यमा प्रयोग हुने साझा अधिकार ११ वटा र स्थानीय तहको अन्य काम कर्तव्य र अधिकार २ वटा समेत ३५ कार्य सूचि तोकिएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :

| **विवरण** | **जम्मा** |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | छैन |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | ३७० |
| मृत्युदर्ता | ४१ |
| बसाईसराई दर्ता | ० |
| विवाह दर्ता | ५३ |
| सम्बन्धविच्छेद दर्ता | ० |
| **प'र्वाधार विकास सडक निर्माण** | |
| कालोपत्रे सडक निर्माण | मि. |
| कालोपत्रे सडक मर्मत | ० |
| ग्राभेल सडक निर्माण | कि.मि. |

| भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम | फर्छ्यौटको व्यहोरा |
|---|---|---|
| ग्राभेल सडक मर्मत — कि.मि. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाह मध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालन सन्तोषजनक देखिएन । | | |
| • **पदाधिकारी सुविधा** | | |
| **पदाधिकारी सुविधा–** स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी र सभाको सदस्यले आफुनिर्वाचित भई अनुसूची– २ बमोजिम पद तथा गोपनीयताको शपथ लिई आफ्नो पदको काम कारबाही शुरु गरेको मितिबाट मासिक सुविधा बापत पाउने व्यवस्था गरेकोमा सम्मानित सर्वोच्च अदातलको आदेशले २०७६ कार्तिक १ गते बाट लागू हुने गरी उक्त सुविधाहरु खारेज गरेको छ । जसअनुसार सुदूरपश्चिम प्रदेश सरकारले प्रथम संशोधन गरी २०७७ असार ११ मा राजपत्रमा प्रकाशन गरेको उक्त स्थानीय तहका पदाधिकारी सुविधा सम्बन्धी ऐनको अनूसूची १ मा उल्लेख भएको सूविधामात्र दिन मिल्ने देखिन्छ । जसबाट स्थानीय तहका पदाधिकारीहरुले मासिक पारिश्रमिक वापतको सूविधा पाउने देखिदैन । तर पालिकाका पदाधिकारीहरुकले २०७६ साल साउन भदौ र असोज महिनाको गरी जम्मा ३ महिनाको को मासिक पारिश्रमिक सुविधामा रु ९०९०००.०० खर्च लेखेको देखिन्छ । | | |
| • **अनुत्पादक तथा बितरणमूखी खर्च** | | |
| **आर्थिक सहायता–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले व्यक्ति एवं संघ संस्थालाई रु.५००००.०० आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | | |
| **मन्दिर निर्माण तथा मर्मतः**स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता मितव्यिता प्रभावकारिता कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ ।पालिकाले यो वर्ष विभिन्न ६ वटा मन्दिरहरु निर्माण तथा मर्मतमा रू. १३३००००.०० विनियोजन गरी खर्च लेखेको छ । दिगो र उत्पादनमूलक क्षेत्रमा पुँजिगत बजेट बिनियोजन गरी स्थानीय रोजगारी सृजना तथा गरिवी निवारणमा केन्द्रित हुनु पर्नेमा मन्दिर निर्माण जस्ता धार्मिक क्रियाकलापमा कूल पालिकाको पुँजिगत बजेटको १.१ प्रतिशत खर्च भएको देखियो । भक्तजनहरुको आस्था र दान भेटीबाट संरक्षण तथा सम्वर्द्धन गर्नु पर्ने गरी मन्दिरहरुको व्यवस्थापनमा सम्बन्धित उपभोक्ताहरु लाई जिम्मेवारी बनाई पालिकाले स्थानीय वित्तीय आधार बढाउन बढी ध्यान दिनु पर्दछ । | | |
| **अनुदान प्राप्ति,वितरण र फिर्ता** | | |

| भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम | फर्छ्यौटको व्यहोरा |
|---|---|---|
| **अनुदान फिर्ता —** संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने वित्तीय समानिकरण वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७७ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा फिर्ता गरेको पाइयो । | | |

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | फिर्ता भएको रकम | फिर्ता हुन बाँकी रकम |
|---|---|---|---|---|---|
| संघीय सरकार | शसर्त | ११०२८८००००.४५ | ९४९७२६२५.६१ | १५३१५३७४.८४ | ० |
| | विषेश | ० | ० | ० | ० |
| | समपुरक | ० | ० | ० | ० |
| | अन्य | | | | |
| प्रदेश सरकार | शसर्त | ८३२००००.०० | ७९५००००.०० | ७००००.०० | ० |
| | विषेश | ७५०००००.०० | ७०५००००.०० | ४५००००.०० | ० |
| | समपुरक | ५८७३०००.०० | २३२५०००.०० | ३५४८०००.०० | |
| | अन्य | | | | |
| | जम्मा | १३१९८१००.४५ | ११२२९७६२५.६१ | १९३८३३७४.८४ | |

**अनुगमन प्रतिवेदनः** विशेष अनुदान तथा समपुरक सम्बन्धी कार्यविधि २०७५ मा विशेष र समपुरक अनुदानबाट संचालन हुने आयोजना प्रभावकारी रुपमा लक्षित प्रतिफल प्राप्त हुने गरी संचालन भए नभएको सम्बन्धमा सम्बन्धित स्थानीय तहले नियमित अनुगमन गर्नु पर्ने र सोको अनुगमन प्रतिवेदनतथा चौमासिक रुपमा प्रगतिप्रतिवेदन सम्बन्धित प्रदेश मन्त्रालय, नेपाल सरकारको सम्बन्धित विषयग मन्त्रालय र जिल्ला समन्वय समिति समक्ष पेश गर्नु पर्ने व्यवस्था छ ।त्यसैगरी समपुरक अनुदानबाट संचालित योजनाहरुको नियमित अनुगमन गर्न सम्बन्धित योजना प्रभावित क्षेत्रको निर्वाचित प्रदेश सभा सदस्यको अध्यक्षतामा गठित अनुगमन समितिले अनुगमन प्रतिवेदन तयार गरी सम्बन्धित प्रदेश सरकार समक्ष पेश गर्नु पर्ने व्यवस्था छ । यस पालिकाबाट निम्नानुसार विशेष तथा समपुरक अनुदान अन्तर्गत संचालित योजनाहरुको कार्यविधिमा भएको व्यवस्था बमोजिम नियमित अनुगमन गरी अनुगमन तथा प्रगति विवरण सम्बन्धित निकायहरुमा पठाएको छैन । कार्यविधिको व्यवस्था अनुसार अनुगमन हुनु पर्दछ ।

| क्र स | स्रोत | योजनको नाम | खर्च | गा पा को खर्च | जम्मा खर्च |
|---|---|---|---|---|---|
| १ | प्रदेश सम्पुरक | विभिन्न योजनाहरु | २३२५००० | ०.० | २३२५०००.०० |

| भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम | फर्छ्यौटको व्यहोरा |
|---|---|---|
| २ \| प्रदेश विशेष \| चौकी बगर सितोला रोड \| ७०५००००.०० \| ० \| ७०५००००.०० | | |
| **पूँजीगत** | | |
| ठेक्का नं. ४।०७५।७६/NCB/CSTD/AHRM नि. व्यवसायीः अपिहिमाल निर्माण सेवा एण्ड बुढाथोकी सप्लायर्श (६०८५५६४३१) मकरिगाड देखि मकरिकोट पर्यटकिय सिडीमार्ग (०७५० देखि १४७४ मिटर) : मु.अ. कर बाहेकको स्वीकृत ठेक्का रकम रु. १,१६,७८,६०६र- को यस ठेक्काको कार्यादेश सम्झौता भएकै दिन २०७६।०१।३१ मा ०७६ आषाढ मसान्तमा सम्पन्न गर्ने गरि भएको पाईयो। यसरी सम्झौता भएता पनि ६ महिना म्याद थप भई २०७६ पौष २२ मा सम्पन्न भई अन्तिम भुक्तानी भएकोमा निम्न व्यहोरा देखिएका छन: | | |
| कार्यालयले सम्झौता रकमको ०.१०% निर्माण व्यवसायीकोष कट्टी गरि दाखिला गर्नपर्नेमा नगरिएको रु ११६७८६०६।०० को हुने रु | ११६७९ | |
| निर्माण व्यवशायीले कर विजक जारी गर्दा विलमा अक्षर अकं केरमेट नगरी पेश गर्नुपर्नेमा अन्तिमबिलको कर बिजक न १।०७६।१०।२६ मा अक्षररेपी महल तथा जम्मा रकम महलमा केरमेट गरेकोले मु.अ.कर समायोजनको प्रमाण पेश हुनु पर्ने मु.अ.कर रु. | ८,३१,९६४.०० | |
| सम्झौता अनुसार ११६७८६०६ तथा ठेक्का विल अनुसार ११८२५१८६।३३ को कार्य सम्पन्न भएकोमा कार्यालयले भेरिएसन समेत जारी नगरेको अवस्थामा गत बर्षको प्रथम रनिङ बिल तथा यस बर्षको अन्तिम विल समेतबाट मु.अ.कर बाहेक रु १,१९,००,८१९।८० भुक्तानी खर्च लेखेकोले बढी भुक्तानी भएको रकम असुल गरी दाखिला गर्नु पर्ने रू. | २,२२,२१३ | |
| सम्झौताको प्राविधिक खण्डको दफा ६ अनुसार ढलान गर्नु भन्दा पहिले फर्म वर्क तथा छड अनिवार्य रुपले कार्यालय बाट तोकिएकोको प्राविधिक बाट चेक गराउनु पर्ने उल्लेख भएमा १७२.५२ घ.मी. ढलान भएता पनि उक्त निर्माण कार्यको गुणस्तर परिक्षण नगराई भुक्तानी खर्च लेखेको छ। | | |
| ठेका नं. ३।०७५।७६। **NCB/CSTD/AHRM change (0+000 to 0+750 m ) मकरिगाड देखि मकरिकोट पदमार्ग निर्माण एम.बि.एल.डी. कन्सट्रक्सनः-** यस निर्माण कार्याको लागि २०७६ असार मसान्त सम्म सम्पन्न गर्ने गरी मु.अ. कर बाहेकको रु १२२९२९९९।५० को सम्झौता ०७६।७६।१।३१ मा भएकोमा ६ महिना म्याद थप सहित कार्यापलिकाको १३।०७७।१०।१४ को निर्णयले ०७७ फागुन सम्म म्याद थपमा सम्पन्न गरी अन्तिम विल ०३।०७७।०३।३० वाट रु ८६५९८०७।८३ भुक्तानी गरेको छ। यसमा उल्लेखित सम्झौता अनुसार रु १२२८८३०७।२५ खर्च भएकोमा निम्न व्यहोरा देखिएका छन। | | |
| सम्झौता रकम रु १२२९२९९९।५० को ०.१०% हुने निर्माण व्यवशायी कोष कट्टी गरि दाखिला गर्नु पर्नेमा नगरेको रु. | १२२९३ | |
| सम्झौताको प्राविधिक शर्त खण्डको दफा ६ अनुसार ढलान गर्न भन्दा पहिले फर्म वर्क तथा छड अनिवार्य रुपले कार्यालय बाट तोकिएको प्राविधिक बाट चेक गराउनु पर्ने उल्लेख भएमा उक्त निर्माण कार्यको गुणस्तर परिक्षण नगराई भुक्तानी खर्च लेखेको छ। | | |

| भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम | फर्छ्यौटको व्यहोरा |
|---|---|---|

**जनश्रमदान** — सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । जस अनुसार निम्न निर्माण कार्य गर्दा उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले बेहार्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ । तर निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्यांकन भएको अवस्थामा अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको देखिएकोले देहायअनुसारको रकम असूल हुनुपर्ने रु.

| गो.भै.नं र मिति | उपभोक्ता समुहको नाम | जम्मा लागत | गा पा बाट | खुद काम | हुनु पर्ने | भएको | बढी |
|---|---|---|---|---|---|---|---|
| ०६।२०७६।०६।१६ | राङ्पाङ विद्यालय भवन निर्माण | ११६२४०५। | ९५०००० | १११९८१४ | २१२४०५ | १६९८१४ | ३१२०० |
| ८४।२०७७।०३।१९ | वर्थिङ्ग सेन्टर नर्माण | १४८९००५। | १२३५००० | १२५९५०१ | २५४००५ | २४५०१ | ८५००० |
| ८५।२०७७।०३।१९ | घुसा पिसिसि | ११३६१५९। | ९५०००० | ११३४१३१ | २२६८२६ | १८६१५९ | ४०६६७ |
| ९३।०७७।०३।२१ | घैजिर PCC बाटो निर्माण | ११४४७६४ | ९५०००० | २२८९५२ | १९४७६४ | | ३४१८८ |
| जम्मा | | | | | | | १५६७८७ |

बेरुजू रकम: १,५६,७८७.००

**भेरिएशन बेगर थप कार्यको भुक्तानीः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण र प्राविधिक पुष्ट्याइँ खुलाई भेरिएसन आदेश जारी गर्न सक्ने व्यवस्था छ . पालिकाले गगनपानी देखी सैगन्ना पि.सि.सि वाटो निर्माण कार्य गराउँदा लागत अनुमानमा ६०० मिटर लम्बाइ सम्म मात्र लागत अनुमान गरी पछि ६७९ सम्मको काम गरी भुक्तानी गरेको छ । यस सम्बन्धी छलफल गर्दा लागत अनुमान भन्दा कम लागतमा काम सकिएकाले थप काम गर्न सकिने ठाँनी काम गरेको जानकारी प्राप्त भयो । स्वीकृत भन्दा यसरी स्वीकृत डिजाइन नै परिवर्तन हुने गरी कार्य परिमाण थप तथा नयाँ कार्य (आर.सि.सी. वाल) थप गराएकोमा प्राविधिक पुष्ट्याइँ तथा भेरिएशन आदेश स्वीकृति बेगर अस्वाभाविक रुपमा परिमाण वृद्धि गरी देहाय अनुसार भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु.

| सिं.न. | विवरण | लगत अनुमान ६०० मि मा | भुक्तानी परीणाम ६७९मि मा | थप परीणाम | जम्मा भुक्तानी |
|---|---|---|---|---|---|
| १. | माटो खन्ने काम | १४१.१७ | १५९.९८ | १८.८१ | ७३३४.२४ |
| २. | खडिन्ची | १३२.६३ | १५०.८८ | १८.२५ | ३६७७७.५५ |
| ३ | पि.सि.सि | ५९.६५ | ६४.८ | ५.१५ | १०४१८.१६ |
| | जम्मा | | | | १३३५८७.७५ |

बेरुजू रकम: १३३५८७.७५

| भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम | फर्छ्यौटको व्यहोरा |
|---|---|---|
| **चालु तर्फः** | | |
| **स्थानिय भत्ताः** स्थानीय र महंगि भत्ता सम्बन्धमा सामान्य प्रसासन मन्त्रालयको मिति २०७४।१।२१ को मन्त्रीस्तरीय निर्णय अनुसार मन्त्रालयको च नं २१७ मिति २०७४।१।२५ को परीपत्रले सबै निकायहरुमा एकरुपता कायम हुनेगरी स्वीकृत दरवन्दि भित्र करारमा रहेका ब्यक्तिहरुलाइ आ व २०७४।७५ बाट लागु हुनेगरी तोकिए बमोजिमको सेवा सुविधा उपलब्ध गराउने भनि जानाकारी गराईएको छ भने पुन संघिय मामिला तथा सामान्य प्रसासन मन्त्रालय, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको च नं १५६ मिति २०७५।६।११ को पत्र अनुसार सबै स्थानीय तहमा सुचना प्रविधि अधिकृतको सेवा करार गरि सामान्य प्रसासन मन्त्रालयको ०७४।४।२१ को मन्त्रीस्तरीय निर्णयका अतिरिक्त महंगि भत्ता र दुर्गम स्थानीय भत्ताको सुविधा दिनेगरी करार कर्मचारी नियुक्ति गरि पठाइएको छ। यसरी एउटै निकायबाट सेवा सुविधाका सम्बन्धमा गरीने फरक निर्णयले कार्यस्थलमा थप जटिलता निम्ताएकोमा दुईमत छैन। केन्द्रबाट नियुक्तिभई आउने करार कर्मचारीले महंगि भत्ता र स्थानीय भत्ताको सुविधा लिने तर स्थानीयस्तरबाट नियुक्ति हुने कर्मचारी सो सुविधाबाट बन्चित हुने अवस्थाले सेवा सुविधाका सम्बन्धमा एकरुपता देखिदैन। समान तह र एउटै कार्यस्थलमा कार्यरत केन्द्रबाट नियुक्त कर्मचारीले महंगि भत्ता र स्थानीय भत्ता पाउदा स्थानीय तहका करार कर्मचारीले सो सुविधाबाट बन्चित हुदा सेवा प्रवाहमा प्रभाव पर्नुका साथै मनोवलमा समेत ह्रास आउदैन भन्न सकिदैन। अत यस्ता निर्णय गर्दा सबैलाई समान हुनेगरी गर्नु पर्ने देखिन्छ। यस पालिकामा कार्यरत ३ कर्मचारीलाई स्थानीय र महंगि भत्ता भुक्तानि रू. ४५०९६०.०० भएको छ । | | |
| **जिन्सी दाखिलाः** | | |
| १.आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ नियम ५ अनुसार कार्यालयले खरिद गरी प्राप्त भएका जिन्सी सामानको ७ दिन भित्र आम्दानी बाध्नु पर्ने व्यवस्था छ । मसलन्द तथा कार्यालय सामाग्री खर्चमा विर इन्टरनेशनल एण्ड सप्लायर्स मार्फत खरिद रेडमि ६।१२८ मोवाइल सामान खरिद गरेकोमा जिन्सी खातामा दाखिला गरीएको विवरण पेश गरिएको छैन । उक्त सामानको जिन्सी दाखिला गरी आम्दानी बाध्ने अन्यथा सम्वन्धितवाट असुल गरी राजस्वमा दाखिला गर्नुपर्ने रु. | ३१०००.०० | |
| २.आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ नियम ५ अनुसार कार्यालयले खरिद गरी प्राप्त भएका जिन्सी सामानको ७ दिन भित्र specification सहित आम्दानी बाध्नु पर्ने व्यवस्था छ । स्वास्थ्य संस्था नभएका वडाहरूमा भवन निर्माण तथा संचालन खर्चमा खरिद गरिएका देहाय बमोजिमका सामान खरिद गरेकोमा खरिद अदेश, दाखिला भएको बा हस्तान्तरण भएको विवरण पेश गरिएको छैन । उक्त सामानको जिन्सी दाखिला गरी आम्दानी बाध्ने अन्यथा सम्वन्धितवाट असुल गरी राजस्वमा दाखिला गर्नुपर्ने रु. | ५५२७३२.०० | |

| भै.न र मिति | विवरण | परिमाण | प्रति इकाइ मुल्य | जम्मा मुल्य रू. |
|---|---|---|---|---|
| २।०७६।०६।१५ | Lenovo I7 laptop | १ | १५३६०० | १५३६०० |
| ३३।०७६।११।२० | Redmi K20 Pro | १ | ४५१३२ | ४५१३२ |

| भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम | फर्छ्यौटको व्यहोरा |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| २७।०७६।१०।१९ | Laptop Acer | २ | ९८००० | १९६००० |
| २७।०७६।१०।१९ | Laptop HP | २ | ७९००० | १५८००० |
| | जम्मा | | | ५५२७३२ |

| भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम | फर्छ्यौटको व्यहोरा |
|---|---|---|
| **अग्रिम आयकर:**आयकर ऐन, २०५८ को दफा ८८।८९ मा बमोजिम व्यत्ति, फर्म वा संस्थालाइ भुत्तानि गर्दा अग्रिम कर कट्टा गर्नुपर्ने ब्यवस्था छ । तर पालिकाले कानुनी सल्लाहकार भक्तसिंह ठेकरे बोहरालाइ विभिन्न मितिमा संझैता बमोजिम भुत्तानी गरेको रू. २५००००.०० मा ३७५००.०० कर कट्टी गर्नुपर्नेमा रू. २५००.०० मात्र कर कट्टा गरी दाखिला गरेकाले घटी कर कट्टी भएको रू. ३५०००.०० कर असुल गरी राजस्वमा दाखिला गर्नुपर्ने रू. | ३५०००.०० | |
| **एकल पुरूष भत्ता:** गापाले एकल पुरूष भत्ता वितरण कार्यविधी २०७६,२०७६।१२।०३ मा निर्माण गरी एकल पुरूष भत्ता वापत २७ जनालाइ ५०० का दरले १२ महिनाको ६००० ले हुने जम्मा १६२००० वितरण गरेको छ । | | |
| **अनुगमन:** भ्रमणखर्च नियमावलीमा अनुसुचिमा उल्लेखित जिल्लाहरूमा भ्रमणभत्ता वापत तोकिएको दरमा थप १० प्रतिशत पाउने व्यवस्था छ तर कार्यालयका निम्न लिखित कर्मचारीहरूले काठमाण्डाँ , धन्गढी लगायतका ठाँउमा जाँदा समेत थप १० प्रतिशत खर्च लेखेकाले असुल उपर गरी राजस्वमा दाखिला गर्नु पर्ने रू. | २९८०.०० | |

| मिति | नाम | समय | दर र दिन | दिन | जम्मा रकम |
|---|---|---|---|---|---|
| २०७६।०६।२४ | बसन्तसिह ढेकरे | २०७६।०६।२५देखी ७।१ सम्म धनगढी | १२० | ५ | ६०० |
| | राजेन्द्र धामी | २०७६।०७।०७ देखी २०७६।०७।१३ | १२० | ५ | ६०० |
| २०७६।०९।०९ | रामचन्द्र ढकुन्ना | २०७६।०८।२३ देखी ०९।०१ | १६० | ६ | ९६० |
| ८१।०७६।१०।०९ | दमन सिंह धामी | २०७६।०९।२० देखी ०९।२६ | १२० | ६ | ७२० |
| | जम्मा | | | | २९८० |

| भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम | फर्छ्यौटको व्यहोरा |
|---|---|---|
| **ठक खर्च:** अर्थ मन्त्रालयद्धारा प्रकाशित कार्य संचालन निर्देशिका २०७५ को बुदा नं ७.१ खर्चको मापदण्ड सम्बन्धि व्यवस्थामा एउटै निकाय न्तर्गतका कर्मचारी वा पदाधिकारी सहभागि बैठकमा बैठक भत्ता उपलव्ध नगराइने व्यवस्था छ । कार्यालयले विभिन्न मितिमा कार्यालयले | | |

| भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम | फर्छ्यौटको व्यहोरा |
|---|---|---|
| कर्मचारीमात्र संलग्न भइ बैठक बसी रु. ४३३५०.०० बैठक खर्च लेखेको देखिन्छ । कार्यसंचालन निर्देशिकाले तोकेको खर्चको मापदण्ड विपरित बैठक भक्ता भुक्तानी गर्नु उपयुक्त नदेखिएकाले असुल गरी राजस्वमा दाखिला गर्नुपर्ने रु. | ४३३५०.०० | |

| भै.न. र मिती | बैठकका विवरण | सहभागि संख्या | बैठक भत्ता दर | दिन | जम्मा भुत्तानी |
|---|---|---|---|---|---|
| ३९।०७६।०८।०९ | विभिन्न कर्मचारी बैठक | विभिन्न | १५०० | विभिन्न | ४३३५० |
| जम्मा | | | | | ४३३५० |

| भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम | फर्छ्यौटको व्यहोरा |
|---|---|---|
| **निरज तानसेन युवा स्वरोजगार कार्यक्रमः-** गाउँपालिका भित्रका युवा तथा साना व्यवसायीलाई स्वरोजगार गराउने उदेश्यले गाउँपालिकाले २०७६।०७।३० मा बनाएको तानसेन (निरज) युवा स्वरोजगार कार्याक्रम संचालन कार्याविधि २०७६ बनाई सोहि दिनबाट कार्यान्वयनमा ल्याएको छ। यसको संचालन दफा ६ बमोजिम उपाध्यक्षको अध्यक्षतामा गठित समितिले गर्ने र आवश्यक प्रमाण सहित प्रस्ताव पेश भएमा व्यक्तिको लागी रु १लाख तथा समुहको लागी रु१५ लाख सम्म अनुदान उपलब्ध गराउने व्यवस्था छ। यसको अनुगमन गर्न अनियमितता देखिएमा दफा १२ बमोजिम कारबाईको व्यवस्था उल्लेख भएको छ। यसै कार्यविधिको कार्यन्वयनका क्रममा पालिकाले विभिन्न २४ व्यक्तिफमको प्रस्ताव स्वीकृत गरेकोमा २३ जना व्यक्तिको लागी प्रथम किस्ता बाफतको ६० प्रतिशतले हुने रकम रु १३ लाख ८० हजार खर्च लेखेकोमा १ जनाले रु ६० हजारको चेक नसाटेको र अन्यले २०७६।०८।०९ मा भुक्तानी लिएको देखियो पालिकाले पेश्कि स्वरुप उपलब्ध गराएको रकम आ.व २०७७।७८ सम्म कुनै अनुगमन तथा प्रगती बेगरनै व्यक्ति बिषेशको नाममा अनुदान गएको देखियो यस बाट भएको उपलब्धीको मुल्याङ्कन हुन नसकेको अवस्थामा उक्त रकम सदुपयोग भएकोमा एकिन हुन सक्ने देखिएन अतः यसमा अनुदान वितरण गर्ने पदाधिकारी लाई जिम्मेवार बनाई उक्त पेश्की रकम १०% ब्याज सहित असुल गरि गा.पा कोषमा दाखिला गर्नुपर्ने देखिएको रू. | १३८००००.०० | |
| कर दस्तुर एवं आन्तरिक आय | | |
| **कर तथा शुल्क असुली -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ । | | |

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| ११३२१ घरबहाल कर | ५००००.०० | ९६१५७९।०० | १९२३.१५८ |

| भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम | फर्छ्यौटको व्यहोरा |
|---|---|---|
| पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ । | | |
| **अन्तरिक आयः** | | |
| **गिट्टी, ढुंगा, बालुवाको करः** स्थानीय सरकार संचालन ऐन, को उपदफा १ ६४ को साबिक दफा २०७४, १(च), ३ र ४ मा ढुंगा, गिट्टी र बालुवाको करमा प्रदेश तथा स्थानीय तहहरुको दोहोरो अधिकार रहने, करको दर सम्बन्धित प्रदेशले निर्धारण गरी स्थानीय तहहरुले संकलन गरेर प्रदेश स्तरको कोषमा जम्मा गर्ने व्यवस्था गरी बाँडफाँड हुने गरेको थियो । तर उक्त दफा संघीय आर्थिक ऐन, द्वारा खारेज गरी दफा ६ २०७५ कथप गरेर स्थानीय तहहरुले गिट्टी , ढुंगा, बालुवा बिक्री गरी प्राप्त रकम आफ्नो संचित कोषमा जम्मा गर्ने ब्यबस्था गरेको छ । यसै सम्बन्धमा सुदूरपश्चिम प्रदेश सरकारको प्रदेश आर्थिक ऐन २०७७ को दफा ८ मा संघीय कानुनसंग बाझिने गरी ढुंगा, गिटी, बालुवा दहत्तर बहत्तरको शुल्क असुली र बाँडफाँड सम्बन्धी  ब्यबस्था गरेको छ । सुदूरपश्चिम प्रदेश आर्थिक ऐन २०७७ को दफा ८)३ अनुसार गिट्टी ढुंगा बालुवा वापत ( संकलित करको चालिस प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । यसैगरी संघीय मन्त्रीपरिषद्ले ढुंगा, गिट्टी, बालुवा उत्खन्न, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ जारी गरी गिट्टी ढुंगा बालुवा बिक्रिबापतको राजस्व स्थानियले सङ्कलन गरी प्रदेश र स्थानिय तह बीच क्रमशः ४० र ६० प्रतिशत हुनेगरी बाँडफाँड गर्ने ब्यबस्था गरेको छ ,जुन स्थानिय सरकार सञ्चालन ऐनको दफा ६ बिपरित देखिन्छ । यस पालिकाको क्षेत्राधिकारमा ढुङगा गिट्टिको प्रशस्त श्रोत भएता पनि यो  बर्ष गिट्टी ढुंगा बालुवा बिक्रिट कुनै राजस्व प्राप्त गरि प्रदेश संचितकोष र स्थानिय संचितकोषमा जम्मा गरेको देखिएन । ।गिट्टी ढुंगा बालुवा बिक्रिबाट प्राप्त हुने राजस्व उत्पतीको आधार एबं सो राजस्व सङ्कलन गर्दा पर्ने बाताबरणीय असरमा समग्र प्रदेशसंग सम्बन्धित भएकाले राजस्व बाँडफाँड सम्बन्धी कानुन तर्जूमा गर्दा सो बिषयलाई मध्यनजर राखेर संघीय कानुनसंग नबाझिने गरी स्पष्ट कानूनी व्यवस्था गर्ने र सो को आधारमा उपलव्ध श्रोतको सदुप्रयोग गरी राजस्व संकलन तथा बाँडफाँड गर्नुपर्दछ । | | |
| **आयकर एवं मू.अ.कर** | | |
| **बहाल करः** कार्यालयले विभिन्न मितिमा विभिन्न फर्महरुबाट कट्टी गरिएको मेशिनरी÷उपकरणमा बहाल कर वापतको रकम रु. ३०२६५७।— पालिकाको खातामा राखेको पाइयो । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा घर बहाल कर स्थानीय तहको कार्यक्षेत्रमा रहेको ए तापनि निर्माण व्यवसायी फर्महरुको भुक्तानीमा कट्टी गरिने बहाल कर स्थानीय तहको कार्यक्षेत्रमा पर्ने नदेखिएकोले उक्त रकम संघीय सञ्चित कोष दाखिला हुनुपर्ने रु. | ३०२६५७ | |

| भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम | फर्छ्यौटको व्यहोरा |
|---|---|---|
| **डीपीआर खर्च —** सबै तहको सरकारी निकायको लागि अर्थ मन्त्रालयबाट जारी सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड २०७७ मा सार्वजनिक संयन्त्रबाट सम्पादन हुन सक्ने सम्भाव्यता अध्ययन जस्ता कार्यमा परामर्श सेवा खरिद गर्न नहुने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ । | | |

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|
| चौकी बगर सितोला रोड | रुलर ईन्जिनियरिङ्ग सर्भिसेज | १९९०५०० | १९९०५०० | १,०२,२७,१६,२७५.६९ |
| खात्ती किक्रेट स्टेडियम | म्यानिङ्गस कन्सल्ट प्रालि | १४८९३४० | १४८९३४० | ११,६२,९७,१४८.०० |
| जम्मा: | | ३४७९८४० | ३४७९८४० | |

| | | |
|---|---|---|
| खर्चको अवस्थाबाट रु १ अर्व भन्दा बढी लागत भएका योजना पालिकाको कार्यक्षेत्र भित्र पर्ने देखिदैन | | |
| यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन । तसर्थ बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । | | |
| **निर्माण कार्यको गुणस्तर:** सार्वजनिक खरिद नियमावलीको नियम १११(१ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरिक्षण र परीक्षण गर्नुपर्दछ । कार्यालयले उपभोक्ता समिति मार्फत् निर्माण/कार्यान्वयन गराइएका योजनाको दिगोपनाका लागि सम्बन्धित उपभोक्ता समिति मार्फत आवश्यक व्यवस्था गर्नुपर्दछ ।कार्यालयले निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, ढुङ्गा र सिमेन्टको गाह्रो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि प्रयोग हुने ग्यावियन तार, सिमेण्ट, मोर्टार तथा कंक्रिट क्यूब परीक्षण जस्ता कार्य गराएको पाइएन।यसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन। अत:नियमावली तथा सम्झौतामा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्न गुणस्तर परिक्षणलाई अनिवार्य गर्नु पर्दछ | | |
| **ग्रामिण जलस्रोत तर्फः** | | |

| भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम | फर्छ्यौटको व्यहोरा |
|---|---|---|
| **मुल्य अभिवृद्धि कर भुक्तानीः-** सार्वजनीक खरिद निमावली २०६४ को नियम ९७(१०) अनुसार उपभोक्ता समितिले लिएको काममा ठेक्का बाट गराउन नमिल्ने व्यवस्था रहेको छ। त्यसैगरी नेपाल सरकारको आंसिक वा पुर्ण स्वामित्व भएका संघ संस्था वा कार्यालयले सेवा वा वस्तुको आपुर्ति गर्ने गरि गरेको ठेक्का सम्झौता वा करार अन्तर्गतको भुक्तानीमा दिईने मुल्य अविदृद्धि करको ५०% कट्टा गरी राजस्व दाखिला गर्ने र बाँकी रकम जानकारी सहित आपुर्तिकर्तालाई भुक्तानी गर्नुपर्ने उल्लेख छ। यस पालिका अन्तर्गत संचालित RVWRMP द्धारा संचालित विभिन्न कार्याक्रमहरुमा उपभोक्ता समितिले शिलबन्दि दरभाउपत्रको सार्वजनिक सुचना जारिगरी छनौट भएका आपुर्तिकर्ता बाट मुल्य अभिबृद्धि कर सहितको कर विजकमा आधारमा खरिद कारोबार गरेको र सोही विजकको आधारमा कार्यालयले मु.अ कर सबै रकम उ.स. लाई भुक्तानी गरेको पाईयो। यसरी उ.स ले भुक्तानी गरेको रकमको जानकारी उ.स. तथा कार्यालयले आपुर्तिकर्ताको आन्तरिक राजस्व कार्यालयमा नदिएको र ५०% ले हुने रकम कट्टा पनि नगरेको अवस्थामा मुल्य अभिवृदि करको असुली तथा संकलनमा अपचलन हुन सक्ने अवस्था रहेकोले उ.स. द्धारा छनौट भई निर्माण सामाग्रीको आपुर्ती गरेका निम्न आपुर्तिकर्ताको निम्न कारोबारको कर समायोजन भएको प्रमाण पेश हुनु पर्ने रु. | ३१८८५७.०० | |

| सिन | संचालित योजना | निर्माण सामग्री आपुर्तिकताको नाम र पान न. | ०७६/०७७ आपूर्ति गरिएका सामानको मु.अ.कर सहितको मुल्य | भुक्तानी भएको मु.अ.कर | बिल न. |
|---|---|---|---|---|---|
| १ | पाथा कसौती खानेपानी तथा सरसफाइ योजना | लटिनाथ अर्डर एंड सप्लायर्स, ३०५०९२६१८ | ७५२१०२ | ८६५२५ | ५३ |
| | | | २६६६२ | ३०६७ | ५४ |
| | | | ८१२३६ | ९३४६ | ५५ |
| | | | ३६३५९६ | ४१८२९.६७ | ५६ |
| | | | ७५७३३.४७ | ८७१२.७० | ५७ |
| | | | २०१८१.८० | २३२१.८० | ५८ |
| | | | ४११९९.८ | ४७३९.८० | ५९ |
| | जम्मा | | १३६०७११ | १५६५४२ | |
| २ | खत्तोली खानेपानी तथा सरसफाइ योजना | जय ट्रेड सेन्टर,३००२७०७७ | १९७९१.९५ | २२७६.९५ | ६९१ |
| | | | १०५२५.९५ | १२१०.९५ | ६८९ |

| | | | भौ.नं., मिति र ब्यहोरा | | | बेरुजू रकम | फर्छ्यौटको व्यहोरा |
|---|---|---|---|---|---|---|---|
| | | | ३२०६९.४० | ३६८९.४० | ६८७ | | |
| | | | ६६१६१.७३ | ७६११.५३ | ६८५ | | |
| | | | ५४४८५.२१ | ६२६८.२१ | ६७६ | | |
| | | | १९५३३६.८० | २२४७२.३७ | ६९२ | | |
| | जम्मा | | ३७८३७१.०४ | ४३५२९.४१ | | | |
| ३ | झुस्कु चौड खानेपानी तथा सरसफाइ योजना | चौधरी हार्डवेयर एंड सप्लायर्स, ३०३५६९७२५ | २०८८००.३४ | २४०२१.२७ | ६५८ | | |
| | | | | | | | |
| | | | १०७९८ | १२४२.२५ | ६५९ | | |
| | | | ११७०३ | १३४६.३७ | ६६० | | |
| | | | ६६४५७ | ७६४५.४९ | ६६१ | | |
| | | | २१००७२ | २४१६७.५६ | ६६२ | | |
| | | | १११४४ | १२८२.०६ | ६६३ | | |
| | | | ६२०० | ७१३.२८ | ६६४ | | |
| | | | १२७५० | १४६६.८२ | ६६५ | | |
| | | | ७२५० | ८३४.०८ | ६६६ | | |
| | जम्मा | | ५४५१७४.३४ | ६२७१९.१८ | | | |
| ४ | आरुखोड़ बहुउपयोगी योजना | जय ट्रेड सेन्टर,३००२७०७७ | ११३४२६.७५ | १३०४९ | १३११ | | |
| | | | | | | | |
| | | | २५११४६.३२ | २८८९२.९४ | ३७१ | | |
| | | | ३२३५८.९१ | ३७२२.७० | ३७२ | | |
| | | | १६७२०.६१ | १९२३.६१ | ३७३ | | |
| | | | ७३६९२.९५ | ८४७७.९५ | ३७५ | | |
| | जम्मा | | | ५६०६६।२० | | | |

| भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम | फर्छ्यौटको व्यहोरा |
|---|---|---|
| **अग्रिम कर कट्टी नगरेको :** आयकर ऐन २०५८ को दफा ८९(३ क) अनुसार उपभोक्ता समिति मार्फत काम गराउनेगरि गरिएको ५० लाख रपैयाँ भन्दा बढीको भुक्तानी रकममा एक दशमलव पाँच प्रतिशतका दरले करकट्टी गरि भुक्तानी गर्नु पर्ने ब्यवस्था छ । यस कार्यालयले निम्न उपभोक्ता समितिलाई कार्यालयको बिभिन्न ब उ शि न वाट गरेको भुक्तानीमा सो अनुसार अग्रिम कर कट्टा गरेको नदेखिएकोले उक्त रकम असुल गरि राजश्वमा दाखिला गरेको प्रमाण पेश गर्नु पर्ने देखिएको रु. | ३०८४२७.०० | |

अपिहिमाल गाउपालिका, ग्रामिण जलश्रोत व्यवस्थापन परियोजना

| सिन | योजना को नाम | भुक्तानी भएको रकम | १.५ %अग्रीम आयकर तिरेको | १.५ % तिर्नुपर्ने | असूल रकम |
|---|---|---|---|---|---|
| १ | घुसा बहुउपयोगी योजना | ८७८६०९३ | ३४३६७ | १३१७९१ | ९७४२४ |
| २ | महादेव खानेपानी तथा सरसफाइ योजना | ६५७५८८७ | १८४१९. | ९८६३८ | ८०२१९ |
| ३ | सिती भट्टार बहुउपयोगी योजना | ५६६८५७५ | १६७०४ | ८५०३१ | ६८३२७ |
| ४ | खिर्सा सम्भाड खानेपानी तथा सरसफाइ योजना | ५१३३६८० | १४५४८ | ७७००५ | ६२४५७ |
| | जम्मा | | | | ३०८४२७ |

- शिक्षातर्फ

शिक्षक दरवन्दी र पदपूर्ति - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका २० सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| सि.नं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | श्री सिद्धनाथ आ.वि. घाजिर | २ | २ | ० | ३५ |
| २ | श्री हिमालय आ.वि पाथा | ५ | ५ | १ | ८० |
| ३ | श्री महादेव आ.वि.काटै | १ | १ | ० | १९ |
| ४ | श्री सुर्मा भवानी आ.वि. थुम्ती | ३ | ३ | ० | ६५ |
| ५ | श्री दुधिला भवानी आ.वि. झुस्कु | १ | १ | ० | ११ |

| भौ.नं., मिति र ब्यहोरा | | | | | | बेरुजू रकम | फर्छ्यौटको व्यहोरा |
|---|---|---|---|---|---|---|---|
| ६ | श्री सरस्वती आ.वि. मरखोला | ३ | ३ | ० | १९२ | | |
| ७ | श्री तामाखानी आ.वि. चौविसन | ३ | ३ | २ | १०६ | | |
| ८ | श्री खण्डेश्वरी मा.वि. क्षेत्ती | १८ | १८ | ५ | ३४२ | | |
| ९ | श्री भवानी मा.वि. सौगन्रा | ५ | ५ | २ | २५० | | |
| १० | श्री डाडाबाघ आ.वि. लुम्थी | ३ | ३ | १ | ६५ | | |
| ११ | श्री गौरीशंकर आ.वि. मज्जे | ३ | ३ | ३ | ४५ | | |
| १२ | श्री महादेव आ.वि. रागपाङ्ग | २ | २ | २ | २० | | |
| १३ | श्री भुमिराज आ.वि. चौकीबगर | २ | २ | २ | २२ | | |
| १४ | श्री सानो आ.वि. मागदाङ्ग | १ | १ | ० | २८ | | |
| १५ | श्री छिपुल केदार मा.वि. धङ्क | २ | २ | ० | २४२ | | |
| १६ | श्री महादेव आ.वि. खडियान | २ | २ | १ | ५२ | | |
| १७ | श्री सिद्धनाथ आ.वि. दैभात | २ | २ | २ | २८ | | |
| १८ | श्री महादेव मा.वि. घुसा | ६ | ६ | ३ | १९० | | |
| १९ | श्री भवानी आ.वि. सिति | ४ | ४ | १ | ११५ | | |
| २० | श्री महादेव आ.वि. ल्वाथी | २ | २ | ० | १८ | | |
| स सम्बन्धमा निम्नानुसार देखिएको छः | | | | | | | |
| **समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता–** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले स्वीकृत दरबन्दी भित्र नपरेका एवं विद्यालयले गत विगतदेखिं नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु.११२५४८००.०० तलब भत्ता भुक्तानी गरेको पाईयो । | | | | | | | |
| **विद्यालयगत निकासा रजिष्ट्रर:** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनिय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनु पर्ने उल्लेख छ । कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पष्ट विवरण खुल्ने गरी अभिलेख राखु पर्नेमा यथार्थ विवरण खुल्ने गरी विद्यालयगत निकासा अभिलेख राखेको छैन । जसबाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको रकम बारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकाले विद्यालयगत निकासा रजिष्टर खाता अद्यावधिक गरी राखु पर्दछ । | | | | | | | |

| भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम | फर्छ्यौटको व्यहोरा |
|---|---|---|
| १. शिक्षा तथा मानव श्रोत केन्द्रवाट तयार पारिएको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६/०७७मा माग फारम अनुसार खर्च लेख्नुपर्ने व्यवस्था छ ।तर पालिका लेखापरीक्षण अवधीमा पुरा अवधीको माग फारम पेश हुन नसकेको ।<br>२. शिक्षा तथा मानव श्रोत केन्द्रवाट तयार पारिएको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६/०७७मा माग फारम अनुसार खर्च लेख्नुपर्ने व्यवस्था छ ।तर पालिका लेखापरीक्षण अवधीमा पुरा अवधीको तलव भत्ता लगायतको माग फारम र फाँटवारी सहित खर्च लेखा पेश गर्नुपर्ने ।<br>३. खर्च लेख्दा खर्चको विल भपाई साथ लेखा राख्नुपर्दछ । पालिकाले खर्च लेख्दा विद्यालयलाई निकाशा उपलव्ध गराएकोमा विल भरपाई पेश गरेको छैन । | | |
| शिक्षा विकास निर्देशनालय दिपायलको च.नं. ५६१ मिति २०७७-०२-०४ को पत्र अनुसार यस पालिका अन्तर्गतका २७ सामुदायिक विद्यालय सहयोगीहरुका लागि प्रति व्यक्ति १० हजारका दरले प्रमाणित हाजिरीका आधारमा विद्यालयको खातामा निकास गर्नु पर्ने व्यवस्था भएकोमा प्रमाणित हाजिरी वेगर रकम निकासा भएको रु. | २७००००.०० | |
| **स्यानीटरी प्याड सम्बन्धमाः** यस न.पा. भित्रका कक्षा ६ देखि १२ कक्षा सम्मका छात्रालाई वार्षिक ८४१.१७/- का दरले स्यानीटरी प्याड दिने व्यवस्था भए बमोजिम. ८ विद्यालयमा ४५९ छात्रालाई रु. ४८६९३४.०० रुपैया निकासा गरेको देखिन्छ । वार्षिक रु. ४८६९३४.०० निकासा भएता पनि २०७६ चैत्र ९ देखि विद्यालय वन्द रहेको हुदा उक्त अवधिको स्यानीटरी प्याड वापत गएको रकम यकिन गर्न नसकिएको रु. | ४८६९३४.०० | |
| अनुगमनः शिक्षा तथा मानव श्रोत केन्द्रवाट तयार पारिएको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६/०७७मा माध्यमिक विद्यालयमा पुस्तकालय स्थापना तथा व्यवस्थापन, शिक्षक सिकाईमा आइ. सी. टी. कोप्र योग र विज्ञान प्रयोगशाला स्थापनाको लागि छनौट भएका विद्यालयका लागी खण्डेश्वरी मा.विद्यालयमा रु.२६००००० एकमुष्ट अनुदान रकम उपलब्ध गराउने र सो रकमवाट तोकिए वमोजिमका स्पेशिफीकेशन अनुसारका किताब तथा ल्याब सामाग्री र विज्ञान सामाग्री खरिद गरे नगरेको अनुगमन गर्नु पर्ने उल्लेख छ । पालिकाले विद्यालयलाई विज्ञान प्रयोगशाला स्थापनाको लागि रु.२६,००,०००/- अनुदान दिएको रकम विद्यालयहरुले तोकिए बमोजिमका कार्यहरु गरे नगरेको सम्बन्धमा प्रभावकारी अनुगमन नु पर्दछ । | | |
| शिक्षा तथा मानव श्रोत केन्द्रवाट तयार पारिएको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६/०७७मा विद्यालयमा निकासा भएको भवन निर्माण , ल्याव निर्माण लगायत कार्य सम्पन्न पछि प्र.अ., विधालय व्यवस्थापन समिति अध्यक्ष, इन्जिनियर र प्रमुख प्रशासकिय अधिकृतको हस्ताक्षर सहित कार्य | २६०००००.०० | |

| भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम | फर्छ्यौटको व्यहोरा |
|---|---|---|
| सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । तर खण्डेश्वरी मा.वी विज्ञान प्रयोगशाला निमार्ण वापत २६ लाख अनुदान रकमको कार्य सम्पन्न प्रतिवेदन पेश गर्नु पर्ने रू. | | |
| **पशुसेवा तर्फः**गा.पाले विनायक भेट डिस्ट्रिव्युटर्स धनगढी मार्फत खरिद गरीएको तरल नाइट्रोजन भण्डार गर्ने भाँडो र सप्लाइ यन्त्र प्रयोग विहिन रूपमा बेवारिसे रहेको देखियो । यसरी के प्रायोजनका लागि खरिद गरीएको हो अचित्यता पुष्टि गरी प्रयोग भएको प्रमाण पेश गर्ने अन्यथा खरिद गर्नेवाट असुल गरी राजस्वमा दाखिला गर्नुपर्ने रू. | २२०४९३ | |
| **औषधी खरिद एवं भण्डारणः** | | |
| **औषधी खरिद–** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । तर स्थानीय तहहरुले उक्त प्रक्रिया वेगर रु १२ लाखका औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः | | |
| प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण महाशाखाको कार्यक्रम निर्देशिका बमोजिम कार्यालयले खरिद गरेका औषधीमा ब्याच नं. तथा कम्तीमा १८ महिना म्याद भएका हुनुपर्ने उल्लेख छ । पालिकाले रु. ४ लाख ६८ हजारका विभिन्न ४५ प्रकारका औषधि खरिद गरेकोमा ४५ प्रकारका औषधिका ब्याच नं. तथा म्याद समास हुने मिति उल्लेख नगरेको विवरण प्राप्त भयो । यसरी खरिद गरिएका औषधीका केही उदाहरणहरु निम्नानुसारका रहेका छन् । अतः तोकिए अनुसार औषधी खरिद नगरेकोमा कारबाही खरिद कर्तालाई जिम्मेबार बनाउनु पर्दछ । | | |

| सि.न | औषधीको नाम | म्याद समास हुने मिति | अवधि | परिमाण | रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | Tab Azithro 500 mg | ...... | .... | १५०० | ४०५०० | |
| २. | Tab Paracetamol | ... | .... | १५००० | १३५०० | |
| ३. | Tab Thyproyen | .... | ..... | ५००० | ९००० | |
| ४. | Cipro 500 mg | ....... | ............. | ७००० | ५०४०० | |
| | जम्मा | | | | १७७९०० | |

खरिद गरेका उक्त औषधि कुन औषधि कुन कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको देखिएन ।

| भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम | फर्छ्यौटको व्यहोरा |
|---|---|---|
| आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राखे नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको । | | |
| आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन । | | |
| औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको । | | |
| औषधिको खर्च घटाउदा मागफारामको आधारमा जिन्सी रजिष्ट्रबाट घटाउने गरेको । | | |
| तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राखे, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राखे तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी सारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | | |
| **प्रधानमन्त्री रोजगार कार्यक्रम–** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यो बर्ष चालु तर्फ रु २७९ हजार निकासा खर्च भएता पनि पूंजीगत रु १० लाख बजेट व्यवस्था भएकोमा कुनै कार्यक्रम सन्चालन भएको देखिएन । | | |
| **सामाजिक सुरक्षातर्फः तथ्याङ्क अध्यावधीकः** | | |
| सामाजिक सुरक्षा कार्यक्रम संचालन निर्देशिका ,२०७६ ले लाभग्राहीको नाम दर्ता र नविकरण , लगत कट्टा तथा भत्ता वितरण लगायत व्यवस्था गरेको छ । यस वर्ष पालिकाले सामाजिक सुरक्षा भत्ता वितरण गरेकोमा देखिएका व्यहोरा देहाय बमोजिम छन ।<br>• सामाजिक सुरक्षा भत्ता वितरण निर्देशिका २०७६ मा MIS मा अध्यावधिक नगरी भत्ता वितरण गर्न नपाउने व्यवस्था छ । तर पालिकाले MIS मा अध्यावधिक नगरी वितरण गरेकाले विवरण अध्यावधिक गर्नपर्दछ ।<br>• पालिकामा रहेको लाभग्राहीको तथ्याङ्क अनुसारका व्यत्तिहरूको लागि सामाजिक सुरक्षा भत्ता दिने गरेको देखियो । जस मध्ये केही वडाहरूमा पञ्जिकरण सम्वन्धि अध्यावधिक विवरण तयार नभएकोले मृत्यु भएका व्यत्तिहरूको लगत कट्टा नभएको जानकारी प्राप्त भयो । पालिकाले घटना दर्ता विवरण समयमानै अध्यावधिक गरी सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको अभिलेख राख्नुपर्ने देखिन्छ ।<br>• तोकिएको मितिमा भत्ता वितरण गरेको छैन ।<br>• ले.पका क्रममा यस अ.वमा लगत कट्टा भएका लाभग्राहीको संख्या यकिन र स्पष्ट हुने अध्यावधिक विवरण उपलव्ध हुन सकेन । | | |

| भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम | फर्छ्यौटको व्यहोरा |
|---|---|---|
| • तोकिएको मिति भित्रै परिचयपत्र नविकरण नगरी भत्ता वितरण गरेको छ । | | |
| **विपद् व्यवस्थापन** | | |
| **समिति गठन-** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिएबमोजिमको समिति गठन गरेको र ५ वटा बैठक बसि प्राकृतिक प्रकोपको राहत तथा निर्माण र मर्मतकार्यलाई अगाडी बढाउने निर्णय गरेको पाईयो । ऐनमा तोकिएबमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ । | | |
| **कार्य योजना** - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिए बमोजिमको कार्ययोजना बनाएको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ । | | |
| **विपद् व्यवस्थापन कोष** — विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । पालिकाले गत वर्षको मौज्दात समेत रु. ८०५८०५०.०० आम्दानी भई रु. ६६३३२५५.०० खर्च भई बाँकी रु. १४२४७९५.०० देखिन्छ । | | |
| **वार्षिक प्रतिवेदन** — विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा तोकिएको व्यवस्थाको पालना हुनुपर्दछ । | | |
| **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ ।यसमा | | |

| भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम | फर्छ्यौटको व्यहोरा |
|---|---|---|
| पालिकाले जिन्सी अभिलेख राखी पालीका भित्रको सार्वजनिक सम्पत्तिको संरक्षण गरेको र त्यस्तो सम्पत्तिको संरक्षण गरिएको जानकारी गराएको छ । | | |
| **सदरस्याहा** : आर्थिक कार्यविधी तथा बित्तिय उत्तरदायित्व नियमावली, २०७७ दफा ५१ मा नाम नामेसी तथा प्रायोजन नखुलेको धरौटी रकम सदरस्याहा गर्नुपर्ने उल्लेख छ । कार्यालयमा आ.व. २०७५।७६ मा अल्या हुँदै आएको धरौटी रकम रू. १०१०००.०० हालसम्म बाँकी रहेकोले के को रकम यकिन गरि नामनामेसि खुलाइ आम्दानी बाँध्नुपर्ने अन्यथा नामनामेसी नखुलेको धरौटी सदरस्याहा गर्नुपर्ने देखिएको रू. | १०१९००.०० | |
| **कोभिड– १९ तर्फः** आ=व २०७६/०७७ को असाढ मसान्तसम्म कोभिड–१९ रोकथाम तथा नियन्त्रणको लागि भएको आम्दानी तथा खर्चको विवरण निम्नानुसार रहेको छः | | |

| आम्दानी स्रोत | रकम रु | खर्च शिर्षक | रकम रु |
|---|---|---|---|
| गत बर्षको बाँकी | ० | राहत वितरण | २०६०३१३.०० |
| स्थानीय तहको आफ्नै वजेटवाट | ६५००७००.०० | क्वारेन्टाइन निर्माण तथा व्यवस्थापन | ३२००४२२.०० |
| संघीय कोभिड कोषवाट | ५९७३५०.०० | औषधी एवं स्वास्थ्य उपकरण खरिद | ६४६९२०.०० |
| प्रदेश कोभिड कोषवाट | ९६००००.०० | आइसोलेसन केन्द्र निर्माण | २४००००.०० |
| अन्य स्रोतबाट | ०.०० | खोप कार्यक्रम खर्च | ०.०० |
| | | जोखिम भत्ता | ४८५६००.०० |
| | | वाँकी | १४२४७९५.०० |
| जम्मा | ८०५८०५०.०० | | ८०५८०५०.०० |

इस सम्बन्धमा निम्नानुसार देखिएको छः प्रत्येक वडा र क्रियाकलापमा भएको खर्चको बिवरण निम्नानुसार रहेको पाईयो ।

| | वि वरण | |
|---|---|---|
| १ | वडा न १ को खर्च | ६२८५६८ |
| २ | वडा न २ को खर्च | ५६६१८३ |
| ३ | वडा न ३को खर्च | ६१७५०३ |
| ४ | वडा न ४को खर्च | ७३६३७० |
| ५ | वडा न ५को खर्च | ३७९२५१ |
| ६ | वडा न ६ को खर्च र हेल्थ डेस्क | १००५७६१ |

| | भौ.नं., मिति र व्यहोरा | | बेरुजू रकम | फर्छ्योटको व्यहोरा |
|---|---|---|---|---|
| ७ | काठमाण्डौमा राहात वितरण | ५४२१८५ | | |
| ८ | कैलाली कन्चनपुर बाके बर्दिया राहात वितरण | २५६५०० | | |
| ९ | पालिका बाट राहात वितरण( माक्स, कम्बल,तेल आदी) | २८०७१४ | | |
| १० | धनगडी महेन्द्रनगर लगायत देशका बिभिन्न ठाउबाट उद्धार गरी सेल्विसा सम्म ल्याएको | १२०००० | | |
| ११ | हेल्थ डेष्क ,क्वारेन्टाईन तथा जनचेतना कार्याक्रमको स्वास्थ्य कर्मी भत्ता | ४१९६०० | | |
| १२ | स्वास्थ्य शिक्षा सामाग्री छपाई | ६४७०० | | |
| १३ | जनचेतना मुलक माईकिङ ३पटक | १०७४०० | | |
| १४ | खलङ्गा झुलाघाट गन्ना पस्ति बाट उद्दार गरि ल्याएको तथा | १७१६०० | | |
| १५ | औषधि तथा समान खरिद | ६४६९२० | | |
| १६ | आइसोलेसन मा बेड निर्माण | २४००० | | |
| १७ | सुरक्षा कर्मी भत्ता | ६६००० | | |
| | जम्मा | ६६३३२५५ | | |
| बिभिन्न स्थानवाट उद्धार गरिएका व्यक्तिको लागि भाडा रु ३९१हजार खर्च गरिएकोमा संख्या उल्लेख गरेता पनि सबैको नाम नामेशीको बिवरण खुलाएको पाईएन । | | | | |
| श्की बाकी: आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा ७४ मा सार्वजनिक निकायले कुनै प्रयोजनको लागि दिइएको पेश्की ो प्रयोजन सम्पन्न भएको मितिले १५ दिन भित्र फछ्यौंट भै सक्नु पर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार कामको लागि पेश्कि दिइएकोमा आर्थिक वर्षको अन्त्य सम्म पेश्की फछ्यौंट हुन नसकी रहेको म्याद भित्र तथा म्याद नाघेको पेश्की निम्नानुसार रहेकाले कानुनमा भएको व्यवस्था नुसार असुल फछ्यैट हुन पर्ने म्याद नाघेको पेश्की रू. | | | १५३२०००.०० | |

का दार्चुला अर्थिक वर्ष २०७६।७७

| भौ.नं., मिति र ब्यहोरा | | | | बेरुजू रकम | फर्छ्यौट व्यहोरा |
|---|---|---|---|---|---|
| लिने व्यक्तिको नाम | व्यहोरा | म्याद नाघेको पेश्की रकम | म्याद ननाघेको पेश्की रकम | | |
| कैलाश तालबन्द निर्माण एण्ड सप्लार्यस | छात्रवासको लागि | | ६५०००० | | |
| निर्माण सेवा | स्वास्थ्य भवन | | ४२६००० | | |
| ी मिडिया नेटवर्क | सार्वजनिक सुनवाई | १५२००० | | | |
| स किराना पसल | तानसेन स्वरोजगार | ६०००० | | | |
| डि.ईलेक्ट्रोनिक्स | तानसेन स्वरोजगार | ६०००० | | | |
| ईश्वरी मोबाईल रिपेरिङ्ग सेन्टर | तानसेन स्वरोजगार | ६०००० | | | |
| होटल एण्ड लज | तानसेन स्वरोजगार | ६०००० | | | |
| श एण्ड धिरन किराना पसल | तानसेन स्वरोजगार | ६०००० | | | |
| बाखा पालन समुह | तानसेन स्वरोजगार | ६०००० | | | |
| ला भेडापालन समुह | तानसेन स्वरोजगार | ६०००० | | | |
| वि.एन.के.ब्रदर्श भेडापालन | तानसेन स्वरोजगार | ६०००० | | | |
| एन.के.ब्रदर्श तरकारी फर्म | तानसेन स्वरोजगार | ६०००० | | | |
| हरा कृषि फर्म | तानसेन स्वरोजगार | ६०००० | | | |
| मिराज बाखा पालन उद्योग | तानसेन स्वरोजगार | ६०००० | | | |
| र्मा भवानी राजीमा खेती | तानसेन स्वरोजगार | ६०००० | | | |
| द्धनाथ मकरीकोट सुन चादी पसल | तानसेन स्वरोजगार | ६०००० | | | |
| रिचन्द्र बाखा पालन उद्योग | तानसेन स्वरोजगार | ६०००० | | | |
| टल हिल साईड | तानसेन स्वरोजगार | ६०००० | | | |
| पिसिमि खेती फर्म | तानसेन स्वरोजगार | ६०००० | | | |
| ार एस खुद्रा पसल | तानसेन स्वरोजगार | ६०००० | | | |
| स डी खुद्रा पसल | तानसेन स्वरोजगार | ६०००० | | | |
| नक सिह ठेकरे | तानसेन स्वरोजगार | ६०००० | | | |
| ामी कुखुरा पशुपालन तथा कृषि फर्म | तानसेन स्वरोजगार | ६०००० | | | |

| भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम | फर्छ्यौट व्यहोरा |
|---|---|---|
| | | |

| | | | |
|---|---|---|---|
| न्सु खुद्रा पसल | तानसेन स्वरोजगार | ६०००० | |
| ा कृषि फर्म | तानसेन स्वरोजगार | ६०००० | |
| रीकोट फलफुल तथा तरकारी फर्म | तानसेन स्वरोजगार | ६०००० | |
| ा | | १५३२००० | १०७६००० |

| भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम | फर्छ्यौट व्यहोरा |
|---|---|---|
| आन्तरिक लेखापरीक्षणबाट कायम व्यहोराहरु | | |
| रिक लेखापरीक्षणबाट कायम बेरुजू: आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७७ को दफा ८५ मा आन्तरिक लेखापरीणबाट न बेरुजू अन्तिम लेखापरीक्षण हुनु सम्म फस्यौंट भईसक्नु पर्ने व्यवस्था छ । पालिकाको आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लिखित राहरु लेखापरीक्षण अवधि सम्म फस्यौंट नभएकोले नियमानुसार फस्यौंट हुनु पर्दछ । | | |
| ो.भौ.नं.१७१मिति २०७७/०३/२४ बाट सं.चालु अन्तरगत राष्ट्रपति रनिङ्ग सिल्ड खेलकुदका लागि खरिद गरिएको सामानमा संलग्न हरुको अग्रिम कर रु ८२५/- कट्टि नगरीएको हुँदा असुल असुलगरि दाखिला गर्नुपर्ने रु. | ८२५.०० | |
| ो.भौ.नं.१७२ मिति २०७७/०३/२४ बाट सं. चालु अन्तर्गत कक्षा ८ को परिक्षा सम्बन्धी पेश्की फछ्यौंट शिर्षकमा गाडी ढुवानी वाफतको ००/-असुल असुलगरि दाखिला गर्नुपर्ने रु. | ४००.०० | |
| .भौ.नं. २२४ मिति २०७७/०३/२६ बाट गा.पा चालु अन्तर्गत पुर्ण सरसफाई चाँग जुठ्यान क्षति घाजिर योजनामा बहाल कर रु.२९४१ नगरिएको हुँदा उक्त रकम असुल गरि दाखिला गर्नु पर्ने रु. | २९४१.०० | |
| ौ.नं.१११मिति२०७७/०३/३१गतेको गापा पुँजिगत अन्तर्गत उपभोक्ता समिती द्वारा संचालित सोलार पोल हाउस योजनामा सोलार खरीद को रकम रु.३१३८६४.४ भएको हुँदा उक्त रकमको अग्रिम कर रु.४७०८/- कट्टि नगरिएकोले असुल गर्नु पर्ने रू. | ४७०८.०० | |
| बेरुजू संपरीक्षण तथा लगत व्यवस्थापन | | |
| गमन तथा सम्परीक्षण– स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्यौंट गर्ने व्यवस्था रहेको छ ।सोही ऐनको दफा (२)(घ) मा बेरुजू फछ्यौंट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा भई परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ । | | |

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) | गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B) |
|---|---|---|
| २,७३,४९,९७३.७० | ० | २,७३,४९,९७३.७० |

ावधिक वेरुजु - यस पालिकाको २०७७/०७८ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ